# त्रियुगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गाईघाट,उदयपुर
## १ नं. प्रदेश, नेपाल

पत्र संख्या : ०७९।८०
च.नं. :

☎ ०३५-४२२१०८
www.triyugamun.gov.np

**करारमा कर्मचारी लिने सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०७९।०८।२१ गते**

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता अनुसार सन्चालित कार्यक्रम हो। यो कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ । यस सामी कार्यक्रम अन्तर्गत उदयपुर जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा त्रियुगा नगरपालिकामा वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका चालु आ.व. २०७९।०८० का कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले मिति २०७९।८।१३ गतेको कार्यपालिका निर्णय अनुसार तपशिल बमोजिम करारमा लिन पर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्य अनुभवी नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ।

**तपशिल**

| विज्ञापन नं | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| २०७९/०८०/४ | कार्यक्रम संयोजक | १ (एक) | मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव, कम्तीमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, मानव अधिकार तथा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| २०७९/०८०/५ | सामाजिक परिचालन अधिकृत | १(एक) | न्यूनतम स्नातक तह उत्तिर्ण गरी २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको । वैदेशिक रोजगारको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धी तालीम लिएकोलाई प्राथमिकता दिइनेछ। |
| २०७९/०८०/६ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २ (दुई) (एक जना महिला अनिवार्य) | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्ती ३ वर्षको कार्यानुभव भएको। साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको वा कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ। |

Email: Info@triyugamun.gov.np
Triyuga.mun@gmail.com

| | | | |
|---|---|---|---|
| २०७९/०८०/७ | मनोसामाजिक परामर्शकर्ता | १ (एक) (महिलालाई प्राथमिकता) | कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको । वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको। मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। |
| २०७९/०८०/८ | वित्तीय साक्षरता सहजकर्ता | १(एक) | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| २०७९/०८०/९ | रिटर्नी स्वयंसेवक (आंशिक) | ३(तीन) | न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

# त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गाईघाट,उदयपुर
### १ नं. प्रदेश, नेपाल

पत्र संख्या : ०७९।८०
च.नं. :

☎ ०३५-४२२१०८
www.triyugamun.gov.np


**शर्तहरु**

**आवश्यक कागजातहरु** : लोक सेवा आयोगले निर्धारण गरेको दरखास्त फारम भरी ३ प्रति पासपोर्ट साईजको फोटो सहित माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित त्रियुगा नगरपालिकामा पेश गर्नु पर्नेछ । तोकिएको समय भन्दा पछि आएका दरखास्त फारमहरुलाई समावेश गरिने छैन ।

**उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला तथा उपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको)

**दरखास्त दस्तुरः**

कार्यक्रम संयोजकको हकमा रु २०००।-
सामाजिक परिचालन अधिकृतको हकमा रु १०००।—
आप्रवासी स्रोत केन्द्र परामर्शकर्ताको हकमा रु ४००।—
मनोसामाजिक परामर्शकर्ताको हकमा रु ४००।—
वित्तीय साक्षरता सहजकर्ताको हकमा रु ४००।—
रिटर्नी स्वयंसेवक (आंशिक) को हकमा रु ३००।— बुझाउनु पर्नेछ । त्रियुगा नगरपालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक गाईघाट शाखाको हि.नं. २०९०१००३०१०१०००४ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्ने छ।

**दरखास्त बुझाउने अन्तिम मितिः** सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र ) दिन भित्र।

**छनौट प्रक्रियाः**

प्रारम्भिक छनौट गरी अन्तिम उम्मेद्वारहरुलाई मात्र लिखित र अन्तर्रवार्ता परिक्षामा समावेश गरिने छ।

**परिक्षाको किसिम** : लिखित र अन्तवार्ता ।

**परिक्षा मिति, स्थानः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन भएपश्चात जानकारी गराईनेछ ।

**दरखास्त दिने अन्तिम मिति** : सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र ) दिन भित्र।

**कार्यअवधि,तलव तथा अन्य सुविधा** : सम्झौता अनुसार हुनेछ। यसरी गरिने सम्झौता अवधि समाप्त भएपछि पुन नविकरण गर्ने नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहने र यसमा कुनै उजुर बाजुर गर्न पाईने छैन । पुनश्चः माथि जुनसुकै कुरा उल्लेख भएता पनि छनौट गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

**मान वहादुर वन**
**प्रमखु प्रशासकीय अधिकृत**
त्रियुगा नगरपालिका, उदयपुर


Email: Info@triyugamun.gov.np
Triyuga.mun@gmail.com